# लेखनाथ–दमौली प्रसारण लाइनको काम तीव्र

**अमरराज नहर्की**
*तनहुँ, वैशाख ९ गते*



नेपाल विद्युत् प्राधिकरणले जर्मनी सरकारको सहकार्यमा लेखनाथ–दमौली २२० केभी प्रसारण लाइन परियोजनाको काम तीव्र रूपमा अघि बढाएको छ। जर्मनी सरकारको केएफडब्लु विकास बैङ्कमार्फत सहवित्त पोषित यस परियोजना अन्तर्गत ४५ किलोमिटर लामो २२० केभी डबल–सर्किट प्रसारण लाइन निर्माण तथा लेखनाथ र दमौलीमा आधुनिक 'ग्यास–इन्सुलेटेड सबस्टेसन' स्थापना गरिने भएको छ।

प्रसारण लाइन निर्माणमा जर्मनीको प्राविधिक सहयोग रहने र जग्गा अधिग्रहणको काम नेपाल विद्युत् प्राधिकरणले गर्ने गरी काम अघि बढेको छ। आयोजना प्रमुख जगदीश पौडेलका अनुसार आयोजनाका लागि जर्मनीले छ करोड अमेरिकी डलर सहयोग गर्ने छ।

आयोजनाले काम अघि बढाउन प्रभावित क्षेत्रका बासिन्दासँगको छलफललाई तीव्रता दिएको छ। गत हप्ता पनि व्यास नगरपालिका र म्याग्दे गाउँपालिकाका प्रभावितसँग भएको छलफलमा तनहुँका प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले ऊर्जा विस्तारका लागि यो आयोजना निकै महत्त्वपूर्ण भएकाले कसैले अवरोध गर्न नहुने बताउनुभयो। प्रजिअ तिवारीले भन्नुभयो, "सरकार र जनता दुवैको हित हुने गरी काम गर्छौं, प्रभावितलाई न्यायोचित मुआब्जा प्रदान हुन्छ।"

आयोजना प्रमुख पौडेलले प्रसारण लाइनको सर्वेक्षण भइसकेको र वैज्ञानिक ढङ्गबाट क्षति अनुसारको मुआब्जा वितरण गरिने प्रतिबद्धता जनाउनुभयो। छलफलका क्रममा प्रभावित स्थानीयले उचित मुआब्जाका साथै आयोजनामा सेयर पाउनुपर्ने माग राखेका छन्। स्थानीय ऋषिराम भट्टराईले भन्नुभयो, "पुरानो घरको क्षतिपूर्तिले अहिलेको महँगीमा नयाँ घर बनाउन सकिँदैन। त्यसैले नयाँ घर निर्माणको लागत अनुसारकै खर्च पाउनु पर्छ।" अर्का स्थानीय रामनाथ पण्डितले जनताको मर्का सम्बोधन गर्न आयोजनाले कन्जुस्याइँ गर्न नहुने बताउनुभयो।

करिब एक हजार मेगावाट प्रसारण क्षमता भएको यस परियोजनाले क्षेत्रीय विद्युत् सञ्जाललाई सुदृढ बनाउने र तनहुँ जलविद्युत् आयोजनालगायतका परियोजनाबाट उत्पादित विद्युत्को प्रभावकारी प्रसारण सुनिश्चित गर्ने छ। यसका साथै विद्युतीय सवारी तथा न्यून कार्बन प्रविधिको प्रयोग बढाउन आधार तयार पार्दै जीवाश्म इन्धनमाथिको निर्भरता घटाउने लक्ष्य आयोजनाको छ। ग्रिडको भरपर्दोपन बढाउँदै नवीकरणीय ऊर्जाको समावेशलाई प्रोत्साहन गर्दा नेपालको ऊर्जा सुरक्षामा यसले महत्त्वपूर्ण योगदान पुऱ्याउने आयोजनाले जनाएको छ।

# नाकाको कडाइले बढ्यो भन्सार सङ्कलन

**बेलौरी समाचारदाता**
*बेलौरी (कञ्चनपुर), वैशाख ९ गते*




कञ्चनपुरका सीमानाकामा कडाइ गरिएसँगै भन्सारविन्दुमा हुने राजस्व सङ्कलन बढेको छ। कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीका अनुसार पछिल्ला आठ दिनमै लक्ष्यको २५ प्रतिशत राजस्व असुली गरिएको हो। विगतमा लक्ष्य नै भेट्टाउन नसकेको भन्सारले राजस्व असुलीमा आएको सुधारपछि यस वर्ष भन्सार सङ्कलन बढ्ने अनुमान गरिएको छ। कार्यालयका सूचना अधिकारी चक्रदेव भट्टले वैशाख ८ सम्म एक करोड ५२ लाख राजस्व सङ्कलन भएको जानकारी दिनुभयो।

वैशाखमा छ करोड ८० लाख लक्ष्य राखिएकोमा राजस्व असुली दर बढ्दो क्रममा रहेको उहाँले बताउनुभयो। यही गतिमा राजस्व सङ्कलन बढ्दै गए यो महिना लक्ष्यभन्दा बढी राजस्व उठ्ने अनुमान गरिएको उहाँले बताउनुभयो। कार्यालयका अनुसार गत चैतमा पाँच करोड ८३ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य तोकिएकोमा ९२ प्रतिशत मात्रै राजस्व सङ्कलन भएको थियो। गत चैतमा पाँच करोड ४१ लाख राजस्व असुल भएको सूचना अधिकारी भट्टले बताउनुभयो।

त्यसै गरी गत फागुनमा लक्ष्यको २१ प्रतिशत कम अर्थात् ७९ प्रतिशत मात्रै राजस्व असुल भएको कार्यालयले जनाएको छ। नाकाहरूमा कडाइ गरेसँगै चोरीपैठारी पनि कम भएको कार्यालयले जनाएको छ। कार्यालयले अहिले यात्रुबाट एक सय रुपियाँभन्दा बढीको सामानमा भन्सार लिन सुरु गरेको छ।

भन्सार असुली सकारात्मक रहे पनि विगत एक दशकयता भन्सारमा प्रयोग हुने एक्सरे मेसिन सञ्चालनमा नआउँदा चेकजाँचमा समय लाग्ने गरेको सूचना अधिकारी भट्टले बताउनुभयो। एक्सरे मेसिनमा खराबी आएपछि निर्माण हुन नसक्दा गैरकानुनी वस्तुमा निगरानी राख्न केही जटिलता भएको उहाँको भनाइ थियो। जनशक्ति अभाव हुँदा मसिन मर्मत गर्न नसकिएको उहाँले बताउनुभयो।

# व्यावसायिक कृषिले गाउँमै रोजगारी



**घोराही समाचारदाता**
*घोराही, वैशाख ९ गते*

केही वर्षअघिसम्म हिउँद लागेपछि निमुरियाका धेरै जसो घरमा कामको अभाव हुने गरेको थियो। खेतबारीमा काम नहुँदा गाउँका महिला खाली बस्न बाध्य हुन्थे भने युवा रोजगारीको खोजीमा टाढा जानुपर्ने अवस्था थियो।

अहिले भने अवस्था बदलिएको छ। गाउँमै सञ्चालनमा आएको व्यावसायिक कृषि फार्मले स्थानीयलाई रोजगारी दिँदा घरव्यवहार चलाउन सहज बनेको घोराही उपमहानगरपालिका–२, निमुरिया निवासी मुना चौधरी बताउनुहुन्छ। बिहानसाँझ घरको कामसँगै दिउँसोको समय कृषि फार्ममा काम गर्दै आएको उहाँको भनाइ छ। कृषि फार्ममा रोजगारी मिल्ने भएपछि पहिले जस्तो खाली बस्नुपर्ने अवस्था नरहेको भन्दै उहाँले भन्नुभयो, "पहिले हिउँदमा काम नहुँदा घरमै बस्नु पर्थ्यो, कृषि फार्म खुलेपछि गाउँघरमै काम पाइनुका साथै आम्दानी पनि भइरहेको छ।" उहाँले महिनामा १४/१५ हजार रुपियाँ कमाउने गरेको बताउनुभयो।

मुना जस्तै सोही ठाउँ निवासी देवा चौधरी पनि कृषि फार्ममा काम गर्दै आउनुभएको छ। उहाँले बिहान घरको काम सकेपछि कृषि फार्ममा काम गर्ने गरेको बताउनुभयो। उहाँले कृषि फार्ममा समय अनुसार विभिन्न तरकारी रोप्नेदेखि गोडमेल गर्नेदेखि मल राख्ने, फलेका तरकारी टिप्नेलगायतका काम गर्ने गरेको बताउनुभयो। घरायसी कामसँगै कृषि फार्ममा काम गर्न पाउँदा महिनामा १५ हजारसम्म आम्दानी भइरहेको बताउँदै उहाँले भन्नुभयो, "कामका लागि टाढा जानुपर्ने झन्झट छैन, गाउँमै काम पाइएको छ, आम्दानी पनि राम्रै भइरहेको छ। यो हाम्रा लागि राम्रो अवसर हो।" गाउँघरमै रोजगारी प्राप्त भएपछि युवापुस्ता पनि कृषि क्षेत्रमा जोडिन थालेका छन्।

रामपुरस्थित गङ्गा माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत सुविन चौधरी पढाइबाट फुर्सद भएको समयमा कृषि फार्ममा काम गर्दै आउनुभएको छ। गाउँमै काम पाइने भएपछि फुर्सदमा काम गर्ने गरेको भन्दै चौधरीले भन्नुभयो, "फुर्सदमा काम गर्दा पढाइखर्च पनि जुट्ने गरेको छ।"

निमुरियामा सञ्चालन भइरहेको सुवर्ण कृषि फार्म अहिले स्थानीय रोजगारीको केन्द्र बनेको छ। स्थानीय हरि जिसीले २०७५ सालमा दुई कट्ठा जमिनबाट सुरु गरेको तरकारी खेती अहिले विस्तार हुँदै १३ बिघा क्षेत्रफलमा पुगेको छ। आफ्नो एक बिघा र १२ बिघा भाडामा लिएर जिसीले व्यावसायिक तरकारी खेती गर्दै आउनुभएको छ।

# स्तरोन्नति हुँदा रोजगारी गुम्ने चिन्ता



**विराटनगर समाचारदाता**
*विराटनगर, वैशाख ९ गते*

नेपाल अति कम विकसित मुलुकबाट स्तरोन्नति हुँदा नेपालको टेक्स्टायल तथा कपडा उद्योगले ठुलो क्षति बेहोर्नुपर्ने भन्दै उद्यमीले चिन्ता व्यक्त गरेका छन्।

संयुक्त राष्ट्रसङ्घको सूचीमा नेपाल अति कम विकसितको सूचीमा रहेकाले अमेरिकामा नेपाली टेक्स्टायल तथा कपडा निर्यात गर्दा शून्य भन्सार सुविधा प्राप्त हुँदै आएको छ। नेपाल कम विकसित मुलुक (एलडिसी) बाट स्तरोन्नति हुँदा यो सुविधा काटिने चिन्ता सम्बन्धित उद्योगीको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी र सावतीले आयोजना गरेको अन्तर्क्रियामा सहभागीले एलडिसीबाट स्तरोन्नति हुँदा पर्ने नकारात्मक प्रभावबारे सरकारले कूटनीतिक पहल गर्नुपर्ने औँल्याइएको छ।

सहुलियत हट्दा नेपालका टेक्स्टायल तथा कपडा निर्यात प्रभावित हुने र यसबाट आगामी पाँच वर्षमा एक लाख २५ हजार रोजगारी गुम्न सक्ने जोखिम देखाइएको छ। रोजगार गुमाउनेमा पनि ६८ हजार महिला हुने तथ्याङ्कमा उल्लेख छ।

सन् २०२६ देखि २०३० सम्ममा टेक्स्टायल तथा गार्मेन्ट उद्योग खस्कने श्रेणीमा पर्ने दाबी छ।

कार्यक्रममा सावतीका कार्यकारी निर्देशक पारस खरेलले अमेरिकाले सुविधासहितको कोटा दिँदा सन् २००३ मा २२ करोड डलरको गार्मेन्ट निर्यात भएको जानकारी दिनुभयो। अहिले वार्षिक आठ करोड डलर बराबरको मात्रै निर्यात रहेको छ। विश्व बैङ्कले गरेको अध्ययनमा नेपालबाट यस्ता वस्तु वार्षिक ११९ करोड डलरको निर्यात सम्भावना देखाएको खरेलले औँल्याउनुभयो।

एलडिसीको श्रेणीबाट स्तरोन्नति भएसँगै टेक्स्टाइल र गार्मेन्ट ७० प्रतिशतले खस्किने बताइएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घ कोशीका अध्यक्ष राजेन्द्र राउतले रोजगारी सिर्जनामा उल्लेख्य योगदान दिएका नेपालका गार्मेन्ट तथा टेक्स्टाइलका कोटा प्रणाली अन्त्य भएसँगै समस्यामा रहेको बताउनुभयो। उहाँले अबको लगानी प्रविधिमा र बजारीकरण अन्तर्राष्ट्रियस्तरमा गर्न निजी क्षेत्र लाग्नुपर्ने बताउनुभयो तर नेपाल–भारत खुला सिमानाका कारण भित्रिने कपडाले बजार खिचेको सम्बन्धित उद्योगीको गुनासो छ। प्रगति टेक्स्टाइल उद्योगका व्यवस्थापक प्रदीप निरौलाले आन्तरिक बजारमै अवैध तरिकाले भित्रिएका कपडा हावी भइरहेको बेला अन्तर्राष्ट्रिय बजारमा पर्ने प्रभावले गार्मेन्ट तथा टेक्स्टायल उद्योगको भविष्य कमजोर बनिरहेको बताउनुभयो।

## ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**
(प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१०)

यस कार्यालयबाट मिति २०८२।१२।०१ गते प्रकाशित सूचना अनुसार पर्न आएका बोलपत्रहरूको मूल्याङ्कनबाट सारभूत रूपमा प्रभावग्राही देखिन आएका बोलपत्रहरूमध्ये न्यूनतम अङ्क कबोल गरेको तपसिलमा उल्लिखित बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ। **तपसिल**

| बोलपत्र नम्बर | विवरण | फर्मको नाम र ठेगाना | कबोल अङ्क (भ्याट समेत) |
|---|---|---|---|
| NCB/BRM/3/2082-83 | Construction of Wada No. 4 ko wada karyalayko adhuro bhawan Nirman | Bhagya Shree Nirman Sewa and Suppliers Pvt.Ltd., Brahmapuri-4, Sarlahi. | 27,01,033.93 |

प्रमुख प्रशासकीय अधिकृत

## लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
लुम्बिनी प्रदेश, नेपाल

**सेवा करारमा लिने सम्बन्धी सूचना !**
(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३।०१।१०)

यस कार्यालयलाई आवश्यक कर्मचारी सेवा करारमा लिने सम्बन्धमा यस कार्यालयको निर्णयानुसार चालू आ.व. २०८२/०८३ को आषाढ मसान्त सम्मका लागि तपसिल बमोजिमको जनशक्ति सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त बुझाउन अनुरोध गरिन्छ।

तपसिलः

१. **करार सेवामा आवश्यक पद र सङ्ख्याः**

| क्र.सं. | विज्ञापन नं. | पद/तह | तलब रु. | माग सङ्ख्या | सेवाको किसिम |
|---|---|---|---|---|---|
| १ | ५–२०८२/०८३ | जे.सि.बि. चालक | आपसी समझदारीमा | १ | करार |
| २ | ६–२०८२/०८३ | भारी सवारी चालक | | २ | करार |
| ३ | ७–२०८२/०८३ | हलुका सवारी चालक | | २ | करार |
| ४ | ८–२०८२/०८३ | ट्र्याक्टर चालक | | १ | करार |

२. **आवश्यक न्यूनतम शैक्षिक योग्यता** : सामान्य लेखपढ गर्न सक्ने।
३. **उमेर** : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
४. **दरखास्त दिने अन्तिम मिति** : २०८३/०१/२३ गते
५. **सम्पर्क मिति** : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट।
६. **दरखास्त फारम पाइने र बुझाउने स्थान** : लमही नगरपालिकाको कार्यालय, प्रशासन शाखा, लमही दाङ।
७. **दरखास्त दस्तुर** : जे.सि.बि. चालक पदका लागि रु. ५००/–, भारी सवारी चालक पदका लागि रु. ५००/–, हलुका सवारी चालक पदका लागि रु. ४००/–, ट्र्याक्टर चालक पदका लागि रु. ४००/– मात्र।
८. **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू** : नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरू, २ प्रति पासपोर्ट साइजको फोटो र अनुभव सम्बन्धी कागजात।
९. **छनोटको आधार** : लमही नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ अनुसार प्रारम्भिक सूची, अन्तर्वार्ता र प्रयोगात्मक परीक्षण।
१०. **सर्त र मापदण्ड** : करार सेवाका लागि प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने।
११. यो सूचना अनुसार दरखास्त तथा सेवा करार स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ। अन्य थप जानकारीका लागि लमही नगरपालिकाको वेबसाइट **www.lamahimun.gov.np** वा यस कार्यालयको फोन नं. ०८२–५४०८५० मा सम्पर्क राख्नुहुन अनुरोध छ।

## नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय
धर्मपथ, काठमाडौँ

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा, ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

**(मिति २०८२/१०/०१ देखि २०८२/१२/३० सम्मको विवरण)**

(१) **निकायको स्वरूप र प्रकृतिः** प्रचलित कानून बमोजिम स्थापना भएको 'क' वर्गको वाणिज्य बैंक।
(२) **निकायको काम, कर्तव्य र अधिकारः** बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन २०७३, मा व्यवस्था भए बमोजिम।
(३) **निकायमा रहने कर्मचारी सङ्ख्या र विवरणः**
यस बैंकमा मिति २०८२ चैत्र मसान्तसम्म स्थायी कर्मचारी २३५२, करार कर्मचारी ३३७, दैनिक ज्यालादारी १२, कम्पनी आउटसोर्सिङ ९७८ जना गरी कुल ३६७९ जना कर्मचारीहरू तथा व्यक्तिहरू कार्यरत छन्। बैंकको सङ्गठनात्मक ढाँचा अनुसार नै बैंकको सम्पूर्ण काम कारबाही भइरहेको छ। उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूको विवरण बैंकको वेबसाइट www.nepalbank.com.np मा समेत राखिएको छ।
(४) **निकायबाट प्रदान गरिने सेवाः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत पत्र प्राप्त संस्थाले गर्नसक्ने भनी तोकिएका सम्पूर्ण बैंकिङ सेवाहरू।
(५) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**
सेवा प्रदान गर्ने निकायको शाखा सङ्ख्या २३१, एक्सटेन्सन काउन्टर सङ्ख्या ६१, एटिएम सङ्ख्या २४६, ७ प्रादेशिक कार्यालय र १ प्रधान कार्यालय रहेको छ। बैंकका व्यवस्थापकीय र कार्यकारी पदमा कार्यरत जिम्मेवार अधिकारीहरूको विवरण बैंकको वेबसाइट www.nepalbank.com.np मा उल्लेख गरिएको छ। बैंकले देशका ७१ जिल्लामा शाखाहरू मार्फत बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।
(६) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः**
बैंकले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधि विवरण बैंकको वेबसाइट www.nepalbank.com.np मा उल्लेख गरिएको छ।
(७) **निर्णय गर्ने प्रक्रिया र अधिकारीः**
बैंकिङ कारोबारका सम्बन्धमा प्रचलित ऐन, कानून नीति, नियम, विनियम, निर्देशिका कार्यविधि तथा बैंकको सञ्चालक समितिबाट समय समयमा हुने निर्णयहरूको अधीनमा रही प्रमुख कार्यकारी अधिकृत मार्फत निर्देशित कार्य सम्पादन गर्नका निमित्त तोकिएका अधिकारीहरूले निर्णय गर्नसक्ने व्यवस्था गरिएको छ। बैंकको नीतिगत निर्णय लिने, व्यवस्थापनलाई आवश्यक मार्गदर्शन दिने र व्यवस्थापनको काम कारबाहीलाई निरन्तर अनुगमन एवं नियन्त्रण गर्ने काम सञ्चालक समितिले गर्ने गर्दछ।
(८) **निर्णय उपर उजुरी सुन्ने अधिकारीः**
बैंकको काम कारबाही सम्बन्धमा ग्राहकहरूको गुनासो तथा उजुरी सुन्नका लागि बैंकको प्रधान कार्यालय स्तरमा गुनासो सुन्ने अधिकारीको रूपमा बैंकको व्यवस्थापकीय तहकै सहायक प्रमुख कार्यकारी अधिकृतको व्यवस्था गरिएको छ। निजको विवरण बैंकको वेबसाइट www.nepalbank.com.np मा समेत राखिएको छ।
(९) **सम्पादन गरेको कामको विवरणः**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'क' वर्गको इजाजत पत्र प्राप्त वाणिज्य बैंकले गर्नसक्ने सम्पूर्ण बैंकिङ कारोबारहरू बैंकले गर्दै आइरहेको छ। बैंकले गर्ने गरेका प्रमुख कार्यहरू सम्बन्धी जानकारी विभिन्न सञ्चारमाध्यमहरू, बैंकको वेबसाइट तथा नेपाल बैंक समाचार मार्फत प्रदान गर्ने गरिएको छ।
(१०) **बैंकको प्रमुख कार्यकारी अधिकृत तथा सूचना अधिकारीको नाम र पदः**
प्रमुख कार्यकारी अधिकृतको नाम : **तिलक राज पाण्डेय**
पद : प्रमुख कार्यकारी अधिकृत
सूचना अधिकारी/प्रवक्ताको नाम : **प्रतिभा डंगोल**
पद : सहायक प्रमुख कार्यकारी अधिकृत
सम्पर्क नम्बर : ५३३१३८३, ५३४७९९९ एक्स्टेन्सन ५२६
ईमेल ठेगाना : prativa.dongol@nepalbank.com.np
(११) **ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूचीः**
बैंकले बैंकिङ कारोबारसंग सम्बन्धित देहाय वमोजिमका ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाहरूको परिपालना गर्नुका साथै अन्य प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाहरूको पालना गर्दछ।

| | | | |
|---|---|---|---|
| १. | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ | २. | नेपाल राष्ट्र बैंक ऐन, २०५८ |
| ३. | कम्पनी ऐन, २०६३ | ४. | सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ |
| ५. | विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ | ६. | बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ |
| ७. | विनिमय अधिकार पत्र ऐन, २०३४ | ८. | सुरक्षित कारोबार ऐन, २०६३ |
| ९. | बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ | १०. | नेपाल राष्ट्र बैंकबाट जारी हुने निर्देशिका तथा निर्देशनहरू। |
| ११. | बैंकले तर्जुमा गरेका विभिन्न विनियमावली, निर्देशिका, कार्यविधि, नीतिगत व्यवस्था लगायत अन्य प्रचलित ऐन, नियमहरू। | | |

(१२) **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणहरू त्रैमासिक रूपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्ने गरिएको र बैंकको वेबसाइट www.nepalbank.com.np मा समेत राख्ने गरिएको छ।
(१३) **तोकिए बमोजिमको अन्य विवरण :**
नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुका साथै बैंकको वेबसाइट www.nepalbank.com.np मा समेत राखिएको छ।
(१४) **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः**
यस बैंकले आन्तरिक रूपमा समय समयमा विभिन्न प्रकारका बैंकसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।
(१५) **सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः**
बैंकसँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरू जानकारी गराउनका लागि बैंकको आफ्नै वेबसाइट **www.nepalbank.com.np** रहेको छ।
(१६) **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरणः** यस अवधिमा वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोगसँग सम्बन्धित कुनै पनि सम्झौता नभएको।
(१७) **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदनः**
प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको अधीनमा रही बैंकले सञ्चालन गर्ने गरेको कार्यक्रमको जानकारी बैंकले पत्रपत्रिका, बैंकको वेबसाइट तथा नेपाल बैंक समाचार मार्फत प्रदान गर्ने गरेको छ।
(१८) **सार्वजनिक निकायको वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः**
बैंकका सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क, एवं आवश्यक दस्तावेजहरू बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, नियम तथा प्रचलित कानून बमोजिम सुरक्षित राख्ने गरिएको छ।
(१९) **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**
ग्राहक एवं सरोकारवाला व्यक्तिले बैंकसँग सार्वजनिक महत्त्वका कुनै सूचना माग गरेमा बैंकको नियम अनुसार सूचना उपलब्ध गराउने गरिएको छ।
(२०) **सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरणः**
बैंकको वार्षिक साधारण सभाको प्रतिवेदन, साधारण सभामा प्रस्तुत गरिने त्रैमासिक वित्तीय विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण बैंकको वेबसाइट www.nepalbank.com.np मा राख्ने गरिएको छ।